# पैरवी

अंक १६, पुष-फागुन, २०७०



कम्प्युटर सहयोगी : दिलमाया भण्डारी    संयोजन : रमेश भण्डारी    सम्पादन : डा विनायक राजभण्डारी

## आर्थिक-सामाजिक अधिकारप्रति प्रतिवद्धताः न्यायमा महिलाको पहुँचको सुनिश्चितता विषयक नवौं राष्ट्रिय परामर्श गोष्ठी

आर्थिक-सामाजिक अधिकारप्रति प्रतिवद्धताः न्यायमा महिलाको पहुँचको सुनिश्चितता विषयक नवौं राष्ट्रिय परामर्श गोष्ठी २०७० पुष १२ गतेदेखि १४ गतेसम्म काठमाण्डौंको वर्ल्डट्रेड सेन्टरमा महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र ओरेकको संयुक्त सहकार्यमा सम्पन्न गरिएको थियो । पाँच विकास क्षेत्रका महिला मानव अधिकार रक्षकहरूले पानसमा बत्ति बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

महिलाको आर्थिक-सामाजिक अधिकार सुनिश्चित नभई महिलामाथि हुने हिंसा अन्त्य हुँदैन भन्ने मान्यताका साथ सुरु भएको राष्ट्रिय परामर्श गोष्ठीमा ७५ जिल्लाका महिला मानव अधिकार रक्षकहरू, संविधानसभाका नव निर्वाचित सभासदहरू लगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू गरी ३५० जनाभन्दा बढीको सहभागिता थियो ।



नवौं राष्ट्रिय परामर्श गोष्ठी

कार्यक्रमको पहिलो चरण महिलामुखी दृष्टिकोणबाट दिगो जीविकोपार्जन कार्यक्रम विषयक अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा दिप मगर, कृष्ण पौडेल र नमिता नेपालले आर्थिक सामाजिक अधिकारको बारेमा अन्तर्राष्ट्रिय प्रावधान र अनुभव प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा संविधानसभाका नव निर्वाचित सभासद् ज्यूहरूलाई बधाई तथा सम्मान गरिएको थियो । महिलाको सामाजिक, आर्थिक अधिकार सुनिश्चितताका लागि नयाँ बन्ने संविधानमा महिलाका के-कस्ता सवालहरूलाई सम्बोधन गर्न आवश्यक छ भन्ने बारेमा छलफल गरिएको थियो । साथै सभासदहरूलाई महिलाका मुद्दाहरूप्रति सम्वेदनशील बनाउन सन् २००६ मा महिलाहरूले तयार गरेको महिला बडापत्र डा. रेणु राजभण्डारीले प्रस्तुत गर्दै सभासदहरूलाई हस्तान्तरण गरिएको थियो ।




नवनिर्वाचित सभासदहरूलाई सम्मान

छलफलमा वृन्दा पाण्डेले आप्रवासी महिला कामदारहरूको आर्थिक तथा सामाजिक अधिकार सुनिश्चितताको लागि हालको अवस्था र अब के गर्न आवश्यक छ भन्ने बारेमा मन्तव्य राख्नु भएको थियो ।

महिलाको सामाजिक-आर्थिक अधिकार नयाँ संविधानले सुनिश्चित गर्नुपर्ने र सरकारले आफ्ना नीति र योजनाहरू महिला केन्द्रीत गरिनु पर्दछ भन्ने निष्कर्ष निकालिएको थियो । कार्यक्रममा सभासदहरूले आफू प्रतिबद्ध भएर संविधान निर्माण प्रक्रियामा महिलाका सवालहरूलाई सम्वोधन गराउन पहल गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।

राष्ट्रिय परामर्श गोष्ठीको दोस्रो दिन पुष १३ गते "मेरो शरीरः मेरो अधिकार","द्रुत न्याय प्रणाली र न्यायमा महिलाको पहुँच" र "महिलाको दृष्टिकोणमा संक्रमणकालीन न्याय" विषयहरूमा तीनवटा कार्यशाला गोष्ठीहरू सम्पन्न भएको छ ।



गोष्ठीका सहभागीहरू

## मेरो शरीर : मेरो अधिकार



मेरो शरीर : मेरो अधिकार कार्यशाला गोष्ठी

यस विषयगत छलफलमा दुशला अधिकारीले प्रजनन स्वास्थ्य र नेपालमा महिलाको अवस्थाबारे र सृष्टि प्रधानले महिलाको स्वास्थ्य अधिकारको अवस्थाबारे प्रस्तुती गर्नु भएको थियो । त्यस छलफल कार्यक्रममा डा. अरुणा उप्रेती र श्री समिता प्रधानले छलफलको क्रममा आएका मेरो शरीर मेरो अधिकार विषयमा केन्द्रित भई जिज्ञासाका जवाफ दिनु भएको थियो । त्यस सत्रको सहजीकरण नम्रता शर्मा र सायरा कार्कीले गर्नु भएको थियो ।

## द्रुत न्याय प्रणाली र न्यायमा महिलाको पहुँच

द्रुत न्याय प्रणालीका लागि नेपालका प्रयासहरू र भारतका अनुभवबाट आएका परिणामहरूलाई औल्याएर नेपालमा कस्तो प्रकृतिको द्रुत न्याय प्रणालीको विकास गर्न आवश्यक छ भन्ने विषयमा छलफल गरिएको थियो । यसमा मुख्य न्यायाधिश टेक नारायण कुँवरले भारत लगायत नेपालमा भएको द्रुत न्याय प्रणाली र त्यसको प्रयोगले न्याय सम्पादनमा आएका सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षको बारेमा जानकारी दिनु भएको थियो । नेपालमा द्रुत न्याय प्रणालीको आवश्यकता र महत्त्वको साथै नेपालमा महिला हिंसाको मुद्दामा न्याय सम्पादनको अवस्थाबारेमा जिल्ला न्यायाधिशहरूको उपस्थितीमा छलफल गरिएको थियो ।



द्रुत न्याय प्रणाली र न्यायमा महिलाको पहुँच विषयक कार्यशाला गोष्ठी



संक्रमणकालीन न्याय: महिलाको दृष्टिकोणबाट कार्यशाला गोष्ठीका सहभागीहरू




संक्रमणकालीन न्याय: महिलाको दृष्टिकोणबाट कार्यशाला गोष्ठी

## संक्रमणकालीन न्याय: महिलाको दृष्टिकोणबाट

महिलामुखी संक्रमणकालीन न्यायको बारेमा गरिएको अध्ययनमाथि श्री लक्ष्मी न्यौपानेको प्रस्तुतीपश्चात छलफल गरिएको थियो । छलफलको क्रममा उठेका जिज्ञासा तथा सवालहरूलाई शान्ति मन्त्रालयका सहसचिव श्री दामोदर भण्डारी, राष्ट्रिय महिला आयोगको सदस्य श्री मोहना अन्सारी र अधिवक्ता श्री मिरा ढुङ्गानाले सम्बोधन गर्नु भएको थियो । यस कार्यशाला गोष्ठीको अध्यक्षता डा. शिवमाया तुम्बाहाम्फेले गर्नु भएको थियो । पहिलो चरणको सम्पूर्ण कार्यशाला गोष्ठीहरूको निष्कर्ष महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालका अध्यक्ष डा. रेणु राजभण्डारीबाट भएको थियो ।

दोस्रो चरणको छलफल तथा समीक्षा विशेषगरी भाडाकी आमा (पैसा लिएर गर्भधारण गर्ने) सम्बन्धी अनुसन्धानबारे डा. रेणु राजभण्डारीले बताउनु भएको थियो ।

न्याय प्रणालीमा द्रुत न्याय प्रणाली छिट्टै लागू गर्न अझसम्म सरोकारवाला निकायलाई दवाब दिनुपर्ने महसुस गरिनुको साथै महिलामाथि भएका हिंसाहरूको अभिलेखीकरण राख्नुपर्ने, आफ्नो शरीरमाथि भैराखेको नियन्त्रणबाट मुक्त हुन महिला आफै अग्रसर हुन आश्वयक रहेको बताउनुको साथै अझै महिला अधिकारकर्मीले महिलाको अधिकारमा धेरै काम गर्नु पर्ने विचार महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालका केन्द्रीय सदस्य जुलिया चित्रकारले व्यक्त गर्नु भएको थियो ।

# गर्भपतनसम्बन्धी बढ्दो निन्दा : महिलाको स्वास्थ्य र हितका लागि चुनौती

२०७० पुस ११ गते ओरेक नेपाल र आईपास नेपालको संयुक्त आयोजनामा **गर्भपतनसम्बन्धी बढ्दो महिलाको स्वास्थ्य र हितका लागि चुनौती** विषयक छलफल सम्पन्न भयो ।

नेपालमा मातृमृत्युदरको एक प्रमुख कारण असुरक्षित गर्भपतन हो भन्ने निष्कर्ष निकाल्दै समाजका विभिन्न पक्षहरूको निरन्तर पैरवी र राजनैतिक इच्छा शक्तिका कारण सन् २००२ मा नेपालमा गर्भपतनलाई कानुनी मान्यता दिईएको हो । नेपालको गर्भपतनसम्बन्धी नीतिले गर्भपतन सेवा विना कुनै भेदभाव महिलाले पाउनु पर्दछ भनी स्पष्ट उल्लेख गरेको छ । महिलाहरू अझैपनि असुरक्षित गर्भपतन गर्न बाध्य छन् । समाजमा छोरीलाई आर्थिक बोझको रुपमा लिने मान्यता, सम्पत्तिको हकदारका रुपमा छोरालाई मान्ने प्रचलन; छोरी जन्माउनुमा पूर्ण दोष महिलालाई दिने परम्पराले गर्दा लिङ्गको पहिचान गरी गर्भपतन गरिन्छ ।

महिलाहरू घरपरिवारको दबाबका कारण धेरै बच्चा जन्माउन बाध्य पारिन्छन्, उनीहरू गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गर्न बाध्य बनाइन्छन् भन्ने कुरामा ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा आइपास नेपालका निर्देशक डा.इन्दिरा बस्नेत, डा. अरुणा उप्रेती, डा. तारा शाक्य र युएनएफपिएका प्रतिनिधि डम्बर गुरुङले छलफलबाट आएका जिज्ञासालाई सम्बोधन गर्नु भएको थियो । साथै कार्यक्रममा सभासद रामेश्वर फुँयाल, ओनसरी धर्ती, एल बि रावल र नारायण प्रसाद खत्रीको उपस्थिती रहेको थियो ।

विशेष गरी सरकारले अनुगमन, अनुसन्धान र अनुभवमा आधारित सूचनाहरूको प्रयोग गरी नीति निर्णायक तहमा महिला अधिकार, प्रजनन् अधिकारमा काम गर्ने सबै समूहबीच असुरक्षित गर्भपतन र लिङ्गको पहिचान गरी गरिने गर्भपतन पूर्ण रुपले रोक्नका लागि विद्यमान सामाजिक सांस्कृतिक मान्यतामा परिवर्तन गर्नु आवश्यक छ, महिला र पुरुषबीच समानता गर्नुपर्ने छोरा र छोरीबीचको असमानताको दुरी हटाउनु पर्नेमा छलफलमा जोड दिइएको थियो ।

कार्यक्रममा सभासद रामेश्वर फुँयालले मूल कानुन बनाउँदा छलफलमा उठेका विषयलाई उठाउनुको साथै संविधान लेखन कार्यमा यो कुरा समावेश गर्ने प्रतिबद्धता जनाउनु भएको थियो भने सभासद ओनसरी घर्तीले विद्यमान समस्या समाधान गर्नको लागि नीतिगत तहमा लडाई लड्न आफू तयार भएको बताउनु भएको थियो । कार्यक्रममा सरकारी गैरसरकारी तथा सम्बन्धित क्षेत्रमा काम गर्ने सञ्जाल र पत्रकारहरू गरी जम्मा ६० जनाको उपस्थिती रहेको थियो ।



















# सामाजिक लेखा परीक्षण

ओरेकको २३ औ बार्षिक साधारणसभाको अवसरमा सामाजिक लेखा परिक्षण कार्यक्रम २०७० माघ ५ गते त्रिपुरेश्वर, काठमाण्डौमा संस्थाका अध्यक्ष सरज गुरुङ्गको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, समाज कल्याण परिषद्, संस्थाका साधारण सदस्य तथा कार्य समितिका पदाधिकारीहरू, कार्यक्रमले समेटेका जिल्लाका सरोकारवालाहरू लगायतको उपस्थिती रहेको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै संस्थाका कार्यकारी निर्देशक बाबुराम गौतमले संस्थाले पारदर्शीतामा विश्वास राख्ने भएकाले हरेक वर्ष कार्यरत जिल्लाहरू र केन्द्रमा समेत सामाजिक लेखा परीक्षण गर्ने गरेको जानकारी गराउनु भएको थियो । संस्थाका कार्यक्रमहरू, उपलब्धिहरू, समस्या तथा चुनौतीहरू र सिकाईहरू सरोकारवालाहरू माझ साटासाट गरी आगामी दिनमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि सुझाव प्राप्त गर्ने समेत कार्यक्रम गरिएको वहाँले बताउनुभयो ।

संस्थाका प्रशासन तथा व्यवस्थापन निर्देशक पार्वती बस्नेतद्वारा आर्थिक बर्ष २०६९/०७० मा सम्पन्न गरिएका कार्यक्रमहरूको प्रतिवेदन प्रस्तुत गरिएको थियो भने वरिष्ठ कार्यक्रम संयोजक सरिता दाहालद्वारा आर्थिक बर्ष २०७०/०७१ को कार्ययोजनाको प्रस्तुती गरिएको थियो । संस्थाका अर्थ निर्देशक दिपा राजभण्डारीले आर्थिक बर्ष २०६९/०७० को आयव्यय विवरण र आर्थिक बर्ष २०७०/०७१ को बजेट विवरण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा समाज कल्याण परिषद्का कानुन अधिकृत, डेनिस चर्च एडका क्षेत्रीय प्रतिनिधि, एटविनका अध्यक्ष, ओरेकका संस्थापक सल्लाहकार डा. विनायक राजभण्डारी लगायतले मन्तव्य राख्दै ओरेकले महिला अधिकारको क्षेत्रमा निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको, संस्थाले राज्यका निकायहरूसँग प्रभावकारी समन्वय गरी अगाडि बढेको र समुदायदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत महिलाहरूको सवाललाई स्थापित गरिरहेको प्रति प्रशंसा गर्दै आउने दिनमा समेत आफ्ना प्रयासहरूलाई अझ प्रभावकारी बनाउँदै लैजानका लागि सुझाव तथा शुभकामना समेत व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष सरज गुरुङ्गले अहिलेको स्थितीसम्म आई पुग्नका लागि संस्थालाई निरन्तर रुपमा सहयोग गर्दै आएका सरकारी तथा गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, पत्रकार लगायत सबै सरोकारवालाहरूप्रति आभार प्रकट गर्दै मुलुक अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको त्यसमा पनि महिलाहरू हरेक ठाउँमा जोखिममा रहेको र महिला अधिकार सुनिश्चित हुन नसकिरहेकाले संस्थाको अभियानमा आउने दिनमा पनि समन्वय, सहकार्य तथा साझेदारीका लागि सरकारी तथा गैर सरकारी निकायहरूका साथै अन्य सबै क्षेत्रहरूलाई आग्रह गरिएको छ ।



सामाजिक लेखा परिक्षणलाई सम्बोधन गर्दै ओरेकका कार्यकारी प्रमुख बाबु राम गौतम






# शहिदहरूको सम्मानमा दिप प्रज्वलन

शहिद सप्ताहको सन्दर्भमा बलात्कारविरुद्धको राष्ट्रिय अभियान मूल आयोजक समितिद्वारा २०७० साल माघ १६ गतेका दिन साँझ ६ बजे काठमाण्डौको रत्नपार्क स्थित शान्ति वाटिकामा महान् शहिदहरूको सम्मानमा दिप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको छ । नेपाली जनताका अधिकारका लागि विभिन्न समयमा आफ्नो ज्यानको आहुति दिने वीर शहिदहरूको सम्झनामा मौन धारण गरी उहाँहरूको योगदानको स्मरण समेत गरिएको छ । कार्यक्रमको अवसरमा सिंगो नेपाली जनताको अधिकार र महिलाहरूको मुक्तिका लागि सहादत प्राप्त गरेका वीर महिला शहिदहरूलाई पनि स्मरण गरिएको थियो ।

कार्यक्रममा बलात्कारविरुद्धको राष्ट्रिय अभियानका संयोजक डा. रेणु राजभण्डारीले "महान् सहिदहरूले हामी सबैले महान् शहिदहरूको योगदानको साँच्चै नै सम्मान गर्दछौं र महान् शहिदहरूप्रति हाम्रो हृदयमा सम्मानको भाव छ भने राज्यका सबै अङ्गहरू, राजनीतिक पार्टीहरू, नागरिक समाज, उद्योगी व्यवसायी, मजदुर, कृषक, सञ्चारकर्मी लगायत सबै नेपाली नागरिकले महान् शहिदहरूको सपना साकार गर्नका लागि त्यस्तो नेपालको निर्माण गर्ने अभियानमा जुट्नुपर्छ जहाँ सबै नेपाली नागरिकहरू सम्मानपूर्वक बाँच्न सकुन् र कोही पनि महिला बलात्कृत हुनु नपरोस् ।" भन्दै आफ्ना विचार राख्नुभएको थियो ।



शहिदहरूको सम्झनामा मौन धारण गरिदैं

# चौथो महिला सामाजिक मञ्च




दण्डहिनता अन्त्य र सामाजिक न्यायको निम्ति हाम्रो अभियान, सामाजिक, आर्थिक अधिकार सहितको महिलामैत्री संविधान भन्ने नाराका साथ चौथो महिला सामाजिक मञ्च विराटनगरमा आयोजना गरियो । पूर्वाञ्चलमा महिला अधिकार तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घ संस्थाहरूको संयुक्त आयोजनामा श्रमिक महिलाअधिकार दिवसको सन्दर्भमा फागुन २९ देखि ३० गतेसम्म चौथो सामाजिक मञ्च सम्पन्न गरिएको हो । ओरेक, महिला मानवअधिकार रक्षक संजाल तथा पूर्वाञ्चल मानवअधिकार संजाल लगायत ३० वटा महिला अधिकार तथा मानवअधिकारको क्षेत्रमा काम गर्ने सङ्घ संस्था तथा ९ वटा सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घ संस्थाहरू गरी जम्मा ३९ वटा संस्थाहरूको सहभागीता रहेको थियो । ४०० जनाको उपस्थिती रहेको मञ्चमा पूर्वका १२ वटा जिल्लाको सहभागीता रहेको थियो ।

पुनरावेदन अदालतका न्यायधीश शान्ति सिं थापाबाट सामाजिक मञ्चको उद्घाटन पश्चात नेपालको महिला आन्दोलनको आगामी दिशा, सम्भावना र चुनौतीको विषयमा वृहत छलफल गरिएको थियो । फागुन २९ मा मानव अधिकार र महिलामैत्री संविधान, संक्रमणकालीन न्याय र महिला, श्रमिक महिला र बैदेशिक रोजगार, वालवालिका विरुद्ध हुने हिंसा र संचार विषयका चार मुद्दाहरूमा समानान्तर शत्रहरू सञ्चालन गरिएको थियो जसमा क्रमशः कोषराज न्यौपाना, सोमराज थापा, लेख वहादुर कटुवाल र यज्ञ शर्माले सहजीकरण गर्नुभएको थियो । राष्ट्रिय कलाकारहरू साजन राई तथा सुमित खड्का लगायतका कलाकारहरूले महिलाअधिकारका गीतहरू प्रस्तुत गर्नुभएको थियो । सङ्घ संस्थाहरूले स्टलहरू मार्फत विभिन्न सूचनाहरू तथा प्रकाशनहरू वितरण गरेका थिए ।




यसैगरी फागुन ३० गते घरेलु हिंसा विरुद्ध कानुनी अवस्था र सरोकारवालाको भूमिका विषयमा छलफल गरिएको थियो । छलफलमा महिला मानवअधिकार रक्षक राष्ट्रिय संजालका अध्यक्ष तथा ओरेकका संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारीको प्रमुख आथिथ्यता रहेको थियो । महिलाअधिकार प्राप्तिका लागी घर घरदेखि उठ्नु पर्ने र जसरी सामाजिक मञ्चले अर्को संसार सम्भव छ भन्ने नारा लिएको छ त्यसै गरी महिलाअधिकार सहितको अर्को नेपाल पनि सम्भव छ र त्यस्तो अधिकार प्राप्तिका लागी नयाँ संविधान बन्न जरुरी छ भन्दै त्यसका लागी मेचीदेखि महाकालीसम्म जागरुक्ता ल्याई दवाव सृजना गर्नु पर्ने डा. रेणु राजभण्डारीले बताउनुभयो । संविधानविद दिनेश त्रिपाठी तथा ग्लोवल फोरमका आयोजक समितिका सदस्य डा. उद्दव प्याकुरेलले सामाजिक मञ्चको महत्त्व, यसले उठाउनु पर्ने मुख्य सवाल र आगामी रणनीतिको बारेमा आफ्नो धारणा राख्नु भएको थियो । त्यसै गरी मोरङ्ग जिल्लामा रहेका सरकारी निकायहरू जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विकास समिती समेतको उपस्थितीमा भएको छलफलमा महिलामाथि हुने हिंसाका घट्नाहरूमा उनीहरूको न्याय प्राप्तिका हाम्रो भुमिका के कस्तो रहन्छ भनी वृहत छलफल गरिएको थियो भने सहभागीहरूले सम्वन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरूलाई जिज्ञासा समेत राखेका थिए ।

## दहेज तथा महिला हिंसा न्युनीकरणका लागि हाम्रो भूमिका



दहेज (दाइजो) तथा महिला हिंसाविरुद्धका घटना सम्बोधनका लागि हालसम्म भएका प्रयासहरूमा थप सहयोग र साझेदारीमा वृद्धि होस् भन्ने उद्देश्यले **"दहेज तथा महिला हिंसा न्युनीकरणका लागि हाम्रो भूमिका"** विषयक अन्तरक्रिया २०७० माघ २४ गते ओरेक, धनुषाले आयोजना गरेको थियो । धनुषा जिल्लाका सहायक जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रहरी उपरीक्षक, राष्ट्रिय मानव अधिकार आयोग लगायतका सरकारी प्रतिनिधीहरूका साथै विभिन्न राजनीतिक दल, पत्रकार, नागरिक समाज, गैरसरकारी संस्था, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, जातीय संगठन लगायतका समुदायबीच छलफल भएको थियो । ओरेकका संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारीज्यूको अध्यक्षतामा कार्यक्रमको आयोजना गरिएको थियो । धनुषा जिल्लामा ओरेकद्धारा संकलित महिला हिंसाका घटनाका प्रकारलाई विश्लेषण गर्दा प्रत्यक्ष रुपले घरेलु हिंसा, कुटपिट र दहेजका कारण महिलामाथि बढी हिंसा भएको पाईएको छ । तर घरेलु हिंसा र कुटपिटका घटनामा समेत पीडितसँगको कुराकानी अनुसार ती घरेलु हिंसा र कुटपिट पनि दहेजका कारणले भएको देखिन्छ । कार्यक्रममा दहेज विरुद्धको अभियानलाई सबै सरोकारवालाहरू मिली सञ्चालन गर्न आवश्यक भएको महसुस गर्दै यस अभियानप्रति आ- आफ्ना प्रतिवद्धता व्यक्त गरेका छन् ।

# वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सरोकारवालाहरूको भूमिका

वैदेशिक रोजगारलाई थप सुरक्षित र मर्यादित बनाउनका लागि सरोकारवालाहरू बीचको समन्वय तथा सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता महशुस गर्दै ओरेक नेपाल/ प्रवासी नेपाली समन्वय समितिको संयुक्त पहलमा २०७९ पौष १० गते "वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सरोकारवालाहरूको भूमिका" विषयक अन्तर मन्त्रालय स्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन तथा आप्रवासी कामदार र उनीहरूको परिवारको मानव अधिकारको सुनिश्चितताका लागि धेरै सवालहरू अझै पनि सम्बोधन हुन नसकेको अवस्थामा अन्तरमन्त्रालय स्तरीय यो कार्यक्रम गरिएको हो ।

कार्यक्रममा हालको अवस्था, विद्यमान चुनौती र समस्या, सरकरी निकायले गरेको सकरात्मक प्रयासहरू तथा वैदेशिक रोजगारसम्बन्धी अन्य देशहरूले प्रचलनमा ल्याएका उदाहरणबारे छलफल भएको थियो ।

अन्तरमन्त्रालय समन्वयलाई थप प्रभावकारी बनाई समस्याहरूको सम्बोधन गर्न कार्यक्रममा उपस्थित सचिवहरूबाट निम्न प्रतिवद्धताहरू व्यक्त गरिएको थियो ।



वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सरोकारवालाहरूको भूमिका विषयक अन्तक्रिया

- श्रम पठाउने देशहरू बीच सहकार्यलाई बढावा दिदै गन्तव्य मुलुकहरूसँग आफ्ना कामदारहरूको हकहितका बारेमा निरन्तर पहल गर्ने,
- राहदानी वितरणका क्रममा केही जिल्लामा भईरहेका अनियमितताहरू तत्काल रोकिने प्रतिवद्धता गृह सचिव ज्यूबाट व्यक्त भएको ।
- वैदेशिक रोजगारसँग सम्बन्धित नीति तथा कानुनहरूको तत्काल समीक्षा गरी सुधारको पहल गरिने प्रतिवद्धता व्यक्त भएको ।
- वैदेशिक रोजगार विभागको कार्यक्षेत्रलाई विस्तार गरी यस विभागको नियमनलाई थप प्रभावकारी बनाउने ।

कार्यक्रममा सरकारी, राष्ट्रिय/अर्न्तराष्ट्रिय गैर सरकारी संस्था, ट्रेड युनियन, सञ्जाल, पत्रकार लगायत अन्य सम्बन्धित निकायका गरी जम्मा ४० जना सहभागीहरूको उपस्थित रहेको थियो ।

# आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि दक्षिण एसियाली क्षेत्रीय परामर्श बैठक

"अहिले श्रम आप्रवासन एउटा विश्वव्यापी मुद्दाको रुपमा अगाडि आईरहेको छ । आप्रवासीहरूले उत्पत्ति तथा गन्तव्य दुबै देशको विकासमा ठूलो योगदान दिईरहेको अवस्था छ । साथै आप्रवासी कामदारहरूको अधिकारको संरक्षणका लागि संयुक्त राष्ट्र सङ्घ, विश्व श्रम संगठन लगायत विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्घ, संगठन, संस्था लगायतबाट प्रयत्नहरू पनि निरन्तर रुपमा भईरहेका छन् । तथापि विश्वभरी नै आप्रवासीहरूले आफ्ना आधारभूत मानव अधिकार र आत्मसम्मानका लागि सङ्घर्ष गर्नु परिरहेको छ ।"

आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि सबै गन्तव्य मुलुकहरूमा Standard Contract र Reference Wage लागू गराउनका लागि दक्षिण एशियाली क्षेत्रीय अभियानको सुरुवात गर्दै यसमा सबैको साझा ऐक्यवद्धता जुटाउने उद्देश्यले ओरेक नेपाल, प्रवासी नेपाली समन्वय समिति र महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालद्वारा संयुक्त रुपमा दक्षिण एसियाली क्षेत्रीय परामर्श बैठकको आयोजना गरियो। २०७० पुस १५ गते काठमाण्डौको अर्किड होटलमा भएको कार्यक्रम ओरेक नेपालका उपाध्यक्ष बिन्दु गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो ।

भारत, बंगलादेश र श्रीलंकामा स्थानागमनमा कार्यरत संस्थाहरू तथा नेपालमा स्थानागमनको सवालमा क्रियाशील सङ्घ संस्था, ट्रेड युनियन लगायतको कार्यक्रममा सहभागिता रहेको थियो । ओरेकका कार्यकारी निर्देशक बाबुराम गौतमबाट Standard Contract र प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष महेन्द्र पाण्डेबाट Reference Wage को विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

खुला छलफलपश्चात समूह कार्यमार्फत यस विषयमा अभियानलाई अगाडि बढाउनको लागि रणनीति तयार गर्दै यस सवालमा सरोकारवालाहरूमा संचेतना अभिवृद्धि गर्ने, यसलाई लागू गर्नका लागि जिम्मेवार निकायहरूको ध्यानाकर्षण गर्ने, नेपालमा हुन गईरहेको सार्क समिटको समयमा यो सवाललाई बलियो रुपमा उठाउने, क्षेत्रीय सहकार्यलाई अझ बलियो बनाउने लगायतका कार्यनीति र कार्ययोजनासमेत तय गरिएको थियो । यसै सन्दर्भमा आप्रवासी कामदारहरूको अधिकारको संरक्षणका लागि Standard Contract र Reference Wage ज्यादै महत्त्वपूर्ण रहेको हुनाले यस अभियानमा सहयोग, सहकार्य र ऐक्यवद्धताका लागि सबैमा अपिल गरिएको थियो ।





Standard Contract / Reference Wage लागू गराउनका लागि अभियानलाई अगाडि बढाउनको लागि रणनीति तयार गर्दै




आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि दक्षिण एसियाली क्षेत्रीय परामर्श बैठक

## आप्रवासी कामदारको रेमिटेन्स व्यवस्थापन तथा आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी नीतिहरू र कार्यान्वयनको अवस्था

ओरेक शाखा कार्यालय मोरङ्गको आयोजनामा पौष ८ गते सुनसरीको ईनरुवामा आप्रवासी कामदारको रेमिटेन्स व्यवस्थापन तथा आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी नीतिहरू र कार्यान्वयनको अवस्था विषयक जिल्लाका सरोकारवालाहरूसँग १ दिने गोष्ठी सम्पन्न गरिएको छ। प्रमुख जिल्ला अधिकारी लक्ष्मण बहादुर थापाको प्रमुख आतिथ्यतामा




सम्पन्न भएको गोष्ठीमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक, महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि लगायत मानवअधिकार तथा महिलाअधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाका प्रमुख तथा प्रतिनिधि पत्रकार लगायतको सहभागगिता थियो। ओरेक, मोरङ्गका जिल्ला संयोजक लेख बहादुर कटुवालले नेपालमा वैदेशिक रोजगारको अवस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा संयन्त्रहरू, नेपालमा विप्रेषणको व्यवस्थापनको विषयमा अवधारण पत्र प्रस्तुत गर्नुभएको थियो। वैदेशिक रोजागरीको अवस्था, राज्यले ल्याएका ऐन कानुनहरू तथा वैदेशिक रोजगारीको क्रममा मानिसहरूले भोगीरहेको कठिनाईको बारेमा छलफल भएको थियो। ओरेकले वैदेशिक रोजगारी सम्बन्धि सूचना दिएर धेरै मानिसहरूलाई वैदेशिक रोजगारीको क्रममा वेचिन र ठगिनबाट बचाएको बताउँदै प्रमुख अतिथि प्रजिअ लक्ष्मण खड्काले राज्यलेसमेत आगामी दिनमा आफूले बनाएका नीतिहरूलाई कार्यान्वयनका पाटोमा ध्यान दिनुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो।

## विश्व आप्रवासन दिवस २०१३ को अवसरमा मोरङ र धनुषामा अन्तरक्रियात्मक कार्यक्रम

विश्व आप्रवासन दिवसको अवसरमा आप्रवासी कामदारको रेमिटेन्स व्यवस्थापन तथा सरकारले वैदेशिक रोजगारीमा गरेको लगानी विषयक जिल्ला स्तरीय गोष्ठी ०७० पुष ३ गते सम्पन्न गरियो। जिल्लाका विभिन्न सरोकारवाला निकायहरू तथा मोरङ्ग, सुनसरी, झापा धनकुटा तथा सप्तरीका सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू सहित ५० जनाको उपस्थिती रहेको थियो। ओरेकका जिल्ला संयोजक लेख बहादुर कटुवालले नेपालमा वैदेशिक रोजगारीको अवस्था, आप्रवासी कामदारसम्बन्धी भएका राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय संयन्त्र, नीतिले समेटिएका सकारात्मक पक्ष तथा आगामी दिनमा आप्रवासी कामदारको अधिकार सुनिश्चितताका लागि आगामी दिनमा चालिनु पर्ने कदमको विषयमा अवधारणापत्रमा प्रस्तुत गर्नु भएको थियो। नेपालको कुलग्रार्हस्थ उत्पादन २३.१ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको भए पनि सो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भईरहेको हुनाले राज्यले त्यसको उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने कुरामा जोड दिएका थिए। विप्रेषणबाट भित्रिएको र कमले देश चलेको तर वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि ध्यान नदिएको, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन थुप्रै नीति नियम भए पनि त्यसको कार्यान्वयनको पाटो फितलो भएको कुरा वहाँले जानकारी गराउनु भएको थियो।

यसैगरी ३ पुष, २०७० मा ओरेक, धुनषाले सुरक्षित बैदेशिक रोजगारीका लागि सूचनाको महत्त्व विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। ओरेकका सहायक जिल्ला कार्यक्रम ईन्चार्ज रामप्रमेश मण्डलको सहजीकरणमा भएको कार्यक्रममा ओरेक जिल्ला कार्यक्रम ईन्चार्ज हेमलता सिग्देलको अध्यक्षता, सहायक प्रमुख जिल्ला अधिकारी प्रह्लाद पोखरेलको प्रमुख आतिथ्यमा थियो भने ईन्सेक, युवा अभियान, मानव अधिकार रक्षक, अन्तरपार्टी महिला सञ्जाल पत्रकार, मानव अधिकारकर्मी, वैदेशिक रोजगारीमा गएकाहरूको परिवारका सदस्य, युवाहरू लगायत करिब ६० जनाको सक्रिय सहभागिता रहेको थियो।

सहायक प्रमुख जिल्ला अधिकारीले सरकारको जिम्मेवारी भएता पनि संरचनागत त्रुटीको कारण वैदेशिक रोजगारीमा जानेहरूको सूचनाको अधिकारको सवालमा काम गर्न नसकिएको प्रति पनि चिन्ता व्यक्त गरे। जिफन्टका सुरेन्द्र राईको अनुसार युवाहरूको प्रत्यक्ष सरोकारको सवाल भएको कारण युवाहरू एक जुट हुनुपर्ने आजको आवश्यकता भएको प्रति जोड दिएका थिए। यसैगरि युवा अभिनय कुमार झा, जितेन्द्र कुमार साह, संयोगिता साह, सरिता कुमारी बर्मा, पत्रकार जितेन्द्र प्रसाह सिंह लगायतका बक्ताहरूले आफ्ना विचार राखेका थिए।



विश्व आप्रवासन दिवसका दिन मोरङ्गमा सम्पन्न अन्तक्रिया




विश्व आप्रवासन दिवसका दिन धनुषामा आयोजित अन्तक्रिया

# बलात्कार विरुद्धको राष्ट्रिय अभियान

बलात्कार जस्तो जघन्य अपराधप्रति राज्यको संवेदनशीलतामा कमी भएकोले बलात्कार विरुद्धको दोस्रो चरणको अभियान द्वन्द्वकालमा यौन हिंसा प्रभावित महिलाहरूको न्यायमा सुनिश्चितता : सरकारको जवाफदेहिता भन्ने नाराका साथ सञ्चालन गरिएको छ । बलात्कारका विरुद्ध जनचेतना अभिबृद्धि गरी बलात्कार नहुने वातावरण निर्माण तथा बलात्कार प्रभावितका साथै द्वन्द्वकालमा भएका यौन हिंसा प्रभावित महिलाहरूको समेत सामाजिक, कानुनी न्यायको अधिकार सुनिश्चितताको आधार तयार गर्ने उद्देश्यले महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, ओरेक लगायतका सङ्घसंस्थाहरूको संयुक्त अयियानका रुपमा मंसिर ३०, २०७० देखि अभियानका दोस्रो चरणको कार्यक्रमहरू सञ्चालन गरिएको छ । अभियानको दोस्रो चरणको कार्यक्रमहरूबारे जानकारी दिन फाल्गुन २३ गते बार एशोसिएसन ललितपुरमा पत्रकार सम्मेलनको आयोजना गरी अभियानका मागहरू र अभियान अन्तर्गतका कार्यक्रमहरू पत्रकार सम्मलेन मार्फत घोषणा गरिएको थियो । अन्तराष्ट्रिय महिला श्रमिक दिवस (८ मार्च) को उपलक्ष्यमा फाल्गुन २४ गते आजको दुर्व्यहार भोलीको बलात्कारी भन्ने विषयवस्तुका साथ थापाथली चोकमा सडक भित्ते चित्रलेखन गरियो । कार्यक्रममा बलाात्कारविरुद्व राष्ट्रिय अभियानका आयोजकहरू, ऐक्यबद्धताका लागि उपस्थित सङ्घसंस्थाहरू, संञ्चारकर्मी तथा सर्वसाधारणहरूले आफ्ना विचारहरू व्यक्त गर्दै हस्ताक्षर गरी ऐक्यबद्धता जनाएका थिए ।

फाल्गुन २६ मा बिहान १० बजे अनामनगर अगाडि दुइ घंटे धर्ना कार्यक्रमको आयोजना गरिएको थियो । महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय तथा जिल्ला संञ्जालहरू, ओरेक, एक्सन वर्कस, अस्तित्व फाउण्डेसन, सिविन, महिला एकता समाज, लुम नेपाल, संञ्चारकर्मीहरू तथा सर्वसाधारणहरू धर्ना मा सहभागी थिए । सहभागीहरूले हाते छाप हस्ताक्षर गरी अभियान प्रति ऐक्यबद्धता जनाएका थिए । महिला मानवअधिकार रक्षकहरूको जिल्ला संञ्जाल, ललितपूरका सचिव ज्ञानी महर्जनले द्वन्द्वकालमा भएका यौन हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि राज्यको तर्फबाट कूनै पनि ठोस पहल नभएको भन्दै महिलाहरूको आवाज सरकारले नसुने सम्म अभियान जारी राख्ने बताउनुभयो ।

बलात्कारको घटनाको अन्त्य गर्दै महिलाहरूले सम्मानपूर्वक बाँच्न पाउने वातावरणको निर्माण गर्नका लागि जिम्मेवार पहल गर्न अनुरोधका साथ फागुन ३० गते राष्ट्रप्रमुख रामवरण यादवको ध्यानाकर्षण गरियो । महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संञ्जालको अगुवाइमा भएको यो कार्यक्रममा बलात्कारविरुद्धको राष्ट्रिय अभियानका आयोजकहरूको उपस्थिती थियो । महिला मानवअधिकार रक्षकहरूको जिल्ला संञ्जाल काठमाडौका अध्यक्ष गीता थापाले ध्यानाकर्षण पत्र प्रस्तुत गर्नुभएको थियो भने आयोजकहरूले ध्यानाकर्षण पत्र, अभियान प्रति ऐक्यबद्धता जनाइएको हातेछाप हस्ताक्षर साथै अभियानका सुचना सामग्री हस्तान्तरण गरेका थिए । बलात्कारका घटनामा बालिकाहरू बढी पर्नेभएकोले उनीहरूको अधिकार सुनिश्चितताको लागि सर्वोच्च अदालतमा रिट



थापाथलीमा भित्तेलेखन कार्यक्रम




माघ २३ मा आयोजित सिठ्ठी ऱ्याली



राष्ट्रपति रामवरण यादवलाई ध्यानाकर्षणपत्र प्रस्तुत गर्न कार्यक्रम




बलात्कार विरुद्धको अभियान अन्तर्गतको ऱ्याली कार्यक्रममा सहभागीहरू

समेत दायर गरिएको राष्ट्रप्रमुखलाई जानकारी गराईएको थियो । राष्ट्रपति रामवरण यादवले अभियानलाई सम्बोधन गर्दै सरकार समक्ष जनताको यो भावनालाई पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

अभियानका कार्यक्रम अन्तर्गत फागुन १९ मा रोल्पामा पत्रकार भेटघाट तथा अभियानबारे जानकारी, फागुन २२ मा दाङमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा मध्य एवं सुदुर पश्चिमाञ्चल क्षेत्रका सबै जिल्लाका अभिलेखकर्ताहरूलाई घटना अभिलेखीकरण सम्बन्धी तालिम र अभियानबारे जानकारी, फागुन २४ मा दाङमा वृहत सभा, फागुन २५ मा सल्यानमा सरोकारवालाहरूसँग अन्तरक्रिया लगायतका कार्यक्रम समेत सञ्चालन गरिएको थियो ।

महिला अधिकारको क्षेत्रमा क्रियाशिल ३५ वटा भन्दा बढि सामाजिक सङ्घ संस्था तथा सञ्जालहरूको अगुवाईमा असोज ६ देखि मंसिर ३०, २०७० सम्म बलात्कार विरुद्धको ८० दिने राष्ट्रिय अभियानको पहिलो चरणको  कार्यक्रम सञ्चालन गरिएको थियो ।